**प्रस्तावः (मिति २०७६/०७/०१, शुक्रबार, ६८ औं कार्यपालिका बैठक)**

१. विशेष अनुदान सम्वन्धमा
२. समपुरक अनुदान सम्वन्धमा
३. विपद व्यवस्थापन सम्वन्धमा
४. रंगशाला निर्माणका लागि जग्गा खरिद गर्न समिति गठन सम्वन्धमा
५. स्वास्थ्य लाभको कामना सम्वन्धमा
६. कार्यविधि पारित सम्वन्धमा
७. भुक्तानी सम्वन्धमा
८. पारिश्रमिक सम्वन्धमा
९. शुभकामनासम्वन्धमा

**निर्णय नं. १ः**

घोराही उपमहानगरपालिकामा तपशिल बमोजिमका आयोजनाहरु केन्द्र / प्रदेश सरकार को विशेष अनुदान सहायता अन्तर्गत संचालन गर्न तपशिल बमोजिम प्राथमिकता क्रम निर्धारण गरि विशेष अनुदान सम्वन्धी कार्यविधि २०७६ को अनुसूची-१बमोजिमको ढाँचा माराष्ट्रिय योजना आयोगमा माग गर्ने।

**तपशिलः**

**आयोजनाहरु :**

१. घोराही उपमहानगरपालिकामा नगरस्तरीय २५ बेडको अस्पताल निर्माण
२. घोराही उपमहानगरपालिकाको प्रशासनिक भवन निर्माण
३. घोराहीउपमहानगरपालिका वडानं. १४ मा रहेको वृद्धा आश्रम जाने सेवार खोला मा पुल निर्माण
४. घोराहीउपमहानगरपालिका वडानं. १३ स्थित बाह्रकुने देखि मौलाकोट जाने बाटो पिच
५. घोराही उपमहानगरपालिकावडानं. १९ स्थित भगवती मा .वि.होडबाङमा आवासीय छात्राबास निर्माण
६. घोराहीउपमहानगरपालिका वडा नं. ५ रज्जे मन्नामेबाट रिहार जोड्ने बाटो निर्माण
७. घोराहीउपमहानगरपालिका वडानं. १ मास्वास्थ्य चौकी निर्माण
८. घोराही उपमहानगरपालिका वडा नं. १७ मा विपश्यना ध्यान तथा चरित्र निर्माण केन्द्र

**निर्णय नं. २**

घोराही उपमहानगरपालिकाबाट चालुआर्थिक वर्ष २०७६/२०७७ मा समेत बजेट विनियोजन भएका तपशिल बमोजिमका आयोजनाहरु केन्द्र सरकार को समपुरक अनुदानसहायता अन्तर्गत संचालन गर्ने गरि समपुरकअनुदान सम्वन्धी कार्यविधि २०७६ को अनुसूची-१बमोजिमको ढाँचा मााराष्ट्रिय योजना आयोगमा माग गर्ने ।

**तपशिलः**

आयोजनाहरुः

१. घोराही उपमहानगरपालिका वडा नं.१५, सहिद गेट देखि अदालत हुँदै जिल्ला प्रशासन कार्यालय सडक निरन्तरता
२. खिरिट्टे - लाखुवार पिच सडक
३. सडक विभाग देखि दक्षिण देखि पनौरा लख्वारे चोक सम्म सडक पिच (धारापानी जाने बाटो)
४. घोराही उपमहानगरपालिका वडा नं.१५, मान बहादुरको मिल देखि शंकर गौतमको घर सम्मको अधुरो सडक पिच र दक्षिण पानीट्यांकीचोक सम्मसडक पिच

**निर्णय नं. ३ः**

घोराहीउपमहानगरपालिकाको सरसफाई वातावरण तथा विपद व्यवस्थापन समितिको मिति २०७६/०६/०९गते बसेको बैठकको तपशिल बमोजिमको निर्णय अनुमोदन गर्ने ।

३.१घोराही उपमहान गरपालिका वडा नं . ४ को च .नं. ३३१ मिति २०७६/५ /११ को प्राप्त सिफारिस पत्रानुसार अविरल वर्षाले कच्ची घर भत्किएको कारण प्रभावित पीडित श्री रुपी चौधरीलाई वडा कार्यालयको सिफारिस तथा घरको तस्विर हरु अनुसार बढीमा ५ (पाँच) बन्डल जस्तापाता स्थानीय विपद व्यवस्थापन कोषबाट उपलब्ध गराउने ।

३.२ घोराही उपमहानगरपालिका वडा नं . १८ को च .नं. ८९९ मिति २०७६/०६ /०८ को प्राप्त सिफारिस पत्रानुसार घर संरक्षणका लागि लगाइएको पर्खाल भत्किई प्रभावित श्री अनिता कुँवर लाई

राहत स्वरूप रु ५००० ।०० (अक्षरुपि पाँच हजार मात्र) स्थानीय विपद व्यवस्थापन कोषबाट उपलब्ध गराउने ।

३.३. घोराही उपमहानगरपालिका वडा नं. ११ को च.नं. ३९१ मिति २०७६/०६/०१ को प्राप्त सिफारिस पत्रानुसार अविरल वर्षा ले घरमा क्षति पुगी प्रभावित श्री मन कुमारी वि .क.लाई राहत स्वरूप हाललाई रु ५०००|००( अक्षरुपि पाँच हजार मात्र) स्थानीय विपद व्यवस्थापन कोषबाट उपलब्ध गराउने ।

३.४ घोराही उपमहानगरपालिका वडा नं. ८ निवासी श्री लालमती चौधरीलाई अविरल वर्षाले घरमा क्षति भएको तथा आर्थिक अवस्था कमजोर रहेको हुँदा राहत स्वरूप बढीमा ५ (पाँच) बन्डल जस्तापाता स्थानीय विपद व्यवस्थापन कोषबाट उपलब्ध गराउने ।

**निर्णय नं. ४ः**

घोराही उपमहानगर पालिका वडा नं .१६ मानेत्रलाल रङ्गशाला निर्माणको लागि गत आ .व. ०७५/०७६ देखि निर्माण कार्य अगाडी बढेको र चालु आ .व.मा समेत प्रदेश सरकार बाट बजेट विनियोजन भएको रङ्गशाला निर्माणका लागि आवश्यक पर्ने जग्गा नक्शांकन/ रेखांकन गर्ने क्रममा रङ्गशालालाई आवश्यक पर्ने जग्गाको क्षेत्र भित्र व्यक्तिको रैकर जग्गा समेत परेको तथा उक्त रैकर जग्गा तत्काल खरिद नगर्दा निर्माण कार्यलाई निरन्तरता दिन नसकिने तथा खरिद कार्यमा विलम्व हुँदै जाँदा जग्गाको मूल्यमा वृद्धि भै अन्ततोगत्वा रङ्ग शाला निर्माणको लागतमा समेत वृद्धि हुने देखिएकोले रङ्गशाला क्षेत्र भित्र पर्ने रैकर जग्गा खरिद का लागि प्रक्रिया अगाडी बढाउन देहाए बमोजिमकोसमिति गठन गर्ने।

तपशिलः
आर्थिकबिकाससमितिकोसंयोजकः राममणि पाण्डेयःसंयोजक
सम्वन्धित वडाको अध्यक्षः का.वा. अध्यक्ष जगत श्रेष्ठ : सदस्य
आन्तरिक व्यवस्थापन तथा खरिदशाखाकोशाखाप्रमुख : सदस्यसचिव

**निर्णय नं. ५ :**

घोराही उपमहानगरपालिका वडा नं .९ कि सदस्य तथा कार्यपालिका सदस्य श्री पशुपति चौधरीज्यू बिरामी भई स्वास्थ्य उपचार भईरहेको हुँदा शीघ्र स्वास्थ्य लाभको कामना गर्ने।

**निर्णय नं.६ :**

घोराही उपमहानगरपालिकाको स्वास्थ्य प्रवर्द्धन शाखाबाट पेश भएको "स्थानीय तहमा स्वास्थ्य संस्था दर्ता अनुमति तथा नविकरण सम्वन्धी निर्देशिका २०७६" पारित गर्ने ।

**निर्णय नं. ७:**

७.१नेपाल पर्यटन बोर्डको मिति २०७५/०९/२३ को पत्रबाट घोराही उपमहानगरपालिका वडा नं. १२ क्षेत्र अन्तर्गत पर्यटक विश्रामस्थल निर्माण कार्यक्रमका लागि रु ७०००००|००(अक्षरुपि सात लाख मात्र) विनियोजन भएको ।गत आ .व.मा अख्तियारी समयमै प्राप्त नभएकोले योजना कार्यन्वयनका लागि घोराही उपमहानगरपालिका र उपभोक्ता समिति वीच ढिलो सम्झौता भइ कार्य सम्पन्न भएको र भुक्तानी हुन बाँकी रहेको उक्त कार्यक्रमको बजेट चालु.आ .व.मा निकासा प्राप्त भएको हुँदा योजनाको मुल्यांकन अनुसारको गत वर्ष को रकम रु ७८४५६८ ।४१ (अक्षरुपि सात लाख चौरासी हजार पाँच सय अर्सठ्ठी मात्र) सम्वन्धित उपभोक्ता समितिलाई भुक्तानी दिने ।

७.२ घोराही उपमहानगरपालिका वडा नं. १५ स्थित जेष्ठ नागरिक सेवा केन्द्रको भवनमा टायल्सको काम गरे बापतको रकम रु ८४८३३|०० (अक्षरुपि चौरासी हजार आठ सय तेत्तिस रुपिया मात्र) भैपरी पूजिगत शिर्षकबाट भुक्तानी दिने ।

**निर्णय नं.८:**

घोराही उपमहानगरपालिका वडा नं . २ चाक्लिघाटमा रहेको गौशालामा गाई व्यवस्थापन का लागि तीन (३) जना गाई हेरालु कामदारको रुपमा खटाएको हुँदा उक्त कामदारहरुको पारिश्रमिक भैपरी चालु शिर्षकबाट भुक्तानी दिने।

**निर्णय नं. ९ :**

नेपालीहरुकोमहान्चाडदिपावली, छठ २०७६ तथा नेपाल संवत११४० को पावन अवसरमा सम्पूर्ण नगरवासीहरुमा हार्दिक शुभकामना व्यक्त गर्दछौं साथै चाडपर्वलाई सभ्य र मर्यादित रुपमा मनाउन चाड पर्वको अवसर पारी गरिने जुवातास तथा अन्य विकृति जन्य गतिविधिहरुलाई नियन्त्रण गर्न नगरवासी लगायत सरोकारवाला सबैमा हार्दिक अनुरोध गर्ने।